# चिकित्सा शिक्षा आयोगको उपाध्यक्षका लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको पुनः दरखास्त आह्वान सम्बन्धी सूचना

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५ बमोजिम चिकित्सा शिक्षा आयोग गठन हुने व्यवस्था रहेको र सोही दफाको उपदफा १(घ) बमोजिम चिकित्सा शिक्षा आयोगमा चिकित्सा क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका चिकित्सकहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एक जना उपाध्यक्ष रहने प्रावधान रहेको तथा सोही ऐनको दफा २२ को उपदफा (२) बमोजिम चिकित्सा शिक्षा आयोगको पूरा समय काम गर्ने प्रमुख कार्यकारीका रूपमा उपाध्यक्ष रहने प्रावधान रहेको छ । चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष नियुक्ति सिफारिसका लागि सोही ऐनको दफा २३ बमोजिम लोक सेवा आयोगका अध्यक्षको अध्यक्षतामा गठित सिफारिस समितिद्वारा स्वीकृत "चिकित्सा शिक्षा आयोगको उपाध्यक्षका लागि सिफारिस गर्न गठित सिफारिस समितिको छनोट सम्बन्धी कार्यविधि, २०७६" को दफा ४ बमोजिम दरखास्त पेस गर्ने योग्य उमेदवारहरूको रोष्टर तयार गरी छनोट भएका योग्य तीन जना उमेदवारहरूको नाम चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने प्रावधान रहेको छ ।

चिकित्सा शिक्षा आयोगको उपाध्यक्षका लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिद्वारा मिति २०७६।०३।०९ मा गोरखापत्र दैनिक समेतमा सार्वजनिक सूचना प्रकाशन गरी चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदका लागि दरखास्त आह्वान गरिएकामा पर्याप्त दरखास्त प्राप्त हुन नआएको र प्राप्त भएका दरखास्तहरू मध्येबाट पनि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २४ को उपदफा (१) बमोजिमका उपाध्यक्षका लागि तोकिएका सबै योग्यता पूरा गरेको पुष्टि हुने प्रमाणहरू वा स्वयम् घोषणा संलग्न गरेको नदेखिएको र दफा २५ बमोजिम उपाध्यक्षको पदमा नियुक्ति हुन अयोग्य नरहेको पुष्टि हुने प्रमाण वा स्वयम् घोषणाहरू संलग्न भएको नदेखिएकाले उल्लिखित सूचनाबमोजिम दरखास्त पेस गर्ने सबै ६ जना उम्मेदवारहरूको दरखास्त "सिफारिस समितिको छनोट सम्बन्धी कार्यविधि, २०७६" को दफा ७ बमोजिम रद्द गरी पुनः दरखास्त आह्वान गर्ने निर्णय भएको हुँदा देहायको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (मिति २०७६।४।१५ गते कार्यालय समयसम्म) चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष भएपछि आयोगको नेतृत्व गर्ने र नेतृत्वदायी भूमिका बहन गर्ने सम्बन्धी सोचपत्र (Vision Paper) र ४ वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहित देहायका कागजात समेत संलग्न गरी सिलबन्दी दरखास्त सिफारिस समितिको सचिवालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्राविधिक शिक्षा शाखा, सिंहदरबारमा पेस गर्न पुनः आह्वान गरिएको छ ।

चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २४ को उपदफा (१) बमोजिम योग्यता पुगेको र दफा २५ मा उल्लिखित अयोग्यता नभएको र देहायको योग्यता तथा सो सम्बन्धी देहायको विवरणहरू खुल्ने प्रमाणित कागजातहरू समावेश हुनुपर्नेछ:

(१) नेपालको नागरिकता प्रमाणपत्रको छायाँ प्रति ।

(२) मान्यताप्राप्त विश्वविद्यालयबाट चिकित्सा शास्त्रको कुनै पनि विधामा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी चिकित्साशास्त्रको कुनै पनि विधामा कम्तीमा बीस वर्षको अनुभव भएको वा चिकित्सा शिक्षाको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभवसहित स्वास्थ्य सेवाका क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव खुल्ने प्रमाण ।

(३) शिक्षण संस्थाको बहालवाला वा अवकास प्राप्त उपकुलपति, प्राध्यापक वा विशिष्ट श्रेणीको चिकित्सक वा चिकित्सा शिक्षा विज्ञको रुपमा ख्याति प्राप्त गरेको पुष्ट्याइ हुने प्रमाण वा स्वयम् घोषणा । (उपकुलपति, प्राध्यापक वा विशिष्ट श्रेणीको चिकित्सक पदमा नियुक्त भएको प्रमाण वा विज्ञको रूपमा ख्याति प्राप्त भएको व्यहोरा खुल्ने कागजात )

(४) सम्बद्ध क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप, कौशल प्रदर्शन गरेको व्यहोरा खुल्ने प्रमाण ।(चिकित्सा शिक्षा वा सेवा सम्बन्धी कुनै निकाय वा संस्थाको नेतृत्व गरी उत्कृष्ट व्यावसायिक सीप प्रदर्शन गरेको व्यहोरा खुल्ने प्रमाण वा स्वयम् घोषणा ।)

(५) चिकित्सा शिक्षा आयोगसँग कुनै किसिमको स्वार्थको टकराव (Conflict of Interest) नभएको स्वयम् घोषणा । स्वार्थको टकराव (Conflict of Interest) भन्नाले चिकित्सा शिक्षा सम्बन्धी शिक्षण संस्थाको सञ्चालक समितिमा रहेको वा लगानीकर्ता वा सेयरहोल्डर वा संस्थापक व्यक्ति नभएको बुझ्नु पर्दछ ।

(६) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको प्रमाण वा स्वयम् घोषणा ।

(७) उच्च नैतिक चरित्र कायम गरेको प्रमाण वा स्वयम् घोषणा ।

(८) दामासाहीमा नपरेको प्रमाण वा स्वयम् घोषणा ।

(९) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषध बिक्री वितरण वा ओसार पसार, राहदानी दुरुपयोग, जबरजस्ती करणी वा नैतिक पतन देखिने अन्य कुनै फौजदारी कसूरमा अदालतबाट कसूरदार नठहरिएको प्रमाण वा स्वयम् घोषणा ।

(१०) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको वा परेको भए त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्षको अवधि पूरा भएको प्रमाण वा स्वयम् घोषणा ।

(११) नेपालको संविधानको धारा २९१ बमोजिम नियुक्ति हुन अयोग्य नभएको सम्बन्धी प्रमाण वा स्वयम् घोषणा ।

(१२) दरखास्त दिने अन्तिम दिनसम्म ४५ बर्ष उमेर पूरा भई ६५ वर्ष उमेर ननाघेको व्यहोरा खुलेको प्रमाण ।

(१३) शैक्षिक योग्यता सम्बन्धी स्वयम् प्रमाणित कागजातहरू,

(१४) चिकित्सा शिक्षा वा स्वास्थ्य सेवाका क्षेत्रमा काम गरेको अनुभव खुल्ने कागजातहरू ।सेवा अनुभव सिलसिलेवार रूपमा मिति तथा अवधि खुलेको हुनुपर्ने ।)

(१५) सोचपत्र (Vision Paper) बढीमा ३००० शब्द र ४ वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) बढीमा ३००० शब्दको हुनु पर्नेछ । सोंचपत्र र व्यावसायिक कार्ययोजना एउटैमा खण्ड (क) र खण्ड (ख) उल्लेख गरी पेस गर्नुपर्नेछ ।

यो सूचना लोक सेवा आयोगको वेवसाइट www.psc.gov.np तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइट www.moe.gov.np मा समेत हेर्न सकिने छ ।